जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १३ • अंक १८३ • २०८३ बैशाख ११ गते शुक्रवार • 24 Apr. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

## पोषणमा विपन्नको पहुँच बढाउनुपर्नेमा मन्त्री जंगीलालको जोड

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १० बैशाख**



मधेश प्रदेशका स्वास्थ्य तथा जनसंख्या मन्त्री जंगिलाल रायले पोषणमा विपन्न वर्गको पहुँच अझै हुन नसकेको टिप्पणी गरेका छन् ।

महोत्तरीको बर्दिबासमा बिहीबार सम्पन्न प्रदेशस्तरीय खाद्य सुरक्षा तथा एकीकृत पोषण सम्बन्धी बहस पैरबी कार्यक्रमलाई उद्घाटन गर्दै मन्त्री रायले पोषण सम्बन्धी कार्यक्रम विपन्न वर्गसम्म पुग्ने गरी काम गर्न निर्देशन दिए । स्थानीय तहको भर नपरेर आफै वडा वडामा पुगेर पोषण सम्बन्धी कार्यक्रम संचालन गर्नुपर्छ, उनले भने-स्थानीय तह पोषण सम्बन्धी कार्यक्रमका लागि गंभीर छैन् ।

स्थानीय तहले एक लाख खर्चेर १० लाखको कार्यक्रम सम्पन्न गर्ने गरेकाले पोषण सम्बन्धी कार्यक्रमबाट प्रतिफल प्राप्त हुन नसकेको उनले थपे । स्वास्थ्य निर्देशनालयका निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा भएको बहस पैरबी कार्यक्रममा मन्त्री रायले स्थानीय तहले लाखौंको औषधी खरिद गरेपनि स्वास्थ्य चौकीमा सिटामोलको अभाव रहेको तर्क गर्दै यसतर्फ गंभीर हुनुपर्नेमा जोड दिए । सो अवसरमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले पोषण कार्यक्रम सफल पार्न सबैको सहकार्य र समन्वय आवश्यक रहेको बताए । पोषणको मामिलामा पछाडि रहेको मधेश प्रदेशमा यसमा सुधार ल्याउनका लागि सबैको सहकार्य आवश्यक रहेको उनले थपे । बालबालिकामा पोषणको अवस्था सुधार गर्न सकियो भने बालमृत्यू दरमा कमि ल्याउन सकिने सचिव डा. यादवले बताए । जसमा ६ महिनासम्म आमाको दूध मात्र खुवाएमा र ६ महिना पूरा भएदेखि थप पूरक खाना खुवाउन सुरु गरेमा मात्र २० प्रतिशत बाल मृत्यूदर घटाउँन मद्दत पुर्याउँछ ।

बालरोग विशेषज्ञ समेत रहेका सचिव डा. यादवले बालबालिकामा हुने पुड्कोपन ख्याउटेपन जन्मदै हुने कम तौल आइरनको कमीले हुने रक्तअल्पता र आयोडिनको कमिले हुने बौद्धिक क्षमतामा कमि जस्ता अवस्थालाई सुधार गर्नको लागि पोषणको आवश्कता रहेको प्रष्टयाए । स्वास्थ्य निर्देशनालयका पोषण फोकल पर्सन बिनोद यादवले संचालन गरेको कार्यक्रममा प्रदेश स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्रका प्रमुख डा. नागेन्द्र यादव लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा प्रदेशका आठै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख, पोषण फोकल पर्सन लगायतको उपस्थिति रहेको थियो ।

## सीमा सुरक्षा तथा अवैध कारोबार नियन्त्रणमा सशस्त्र प्रहरी बलको सक्रियता



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १० बैशाख**

धनुषा जिल्लामा सीमा सुरक्षा तथा अवैध कारोबार नियन्त्रणमा सशस्त्र प्रहरी बलको सक्रियता उल्लेखनीय रूपमा बढेको देखिएको छ ।

चालु आर्थिक वर्ष २०८२/०८३ मा सशस्त्र प्रहरी बल नेपाल धनुषाले ३ करोड ८१ लाख रुपैयाँभन्दा बढी मूल्यका अवैध चोरीछलीका सामान बरामद गरेको जनाएको छ । सशस्त्र प्रहरी बलको १९औं स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा जिल्ला इकाइले चालु आर्थिक वर्षभर गरिएको कार्यसम्पादन सार्वजनिक गर्दै सीमा क्षेत्रमा निगरानी, अपराध नियन्त्रण र जनसुरक्षाका क्षेत्रमा सक्रियता तीव्र पारिएको जानकारी दिएको हो ।

सशस्त्र प्रहरी धनुषाका प्रहरी उपरीक्षक भीम विष्टका अनुसार हालसम्म ३ करोड ८१ लाख २० हजार ७ सय ४३ रुपैयाँ बराबरका अवैध सामान बरामद गरी आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ । खुला सीमाबाट हुने चोरीछली, अवैध ओसारपसार तथा बदलिँदो सुरक्षा चुनौतीलाई मध्यनजर गर्दै ‘बोर्डर अवधारणा’ लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको उनले बताए ।

उनका अनुसार सीमा क्षेत्रमा बढ्दो जोखिम, क्षेत्रीय सुरक्षा चुनौती तथा बदलिँदो भू-राजनीतिक अवस्थालाई ध्यानमा राखेर सशस्त्र प्रहरीलाई रणनीतिक रूपमा परिचालन गरिएको छ । विशेषगरी भारतसँगको खुला सीमालाई लक्षित गर्दै निगरानी र गस्ती थप सशक्त बनाइएको जनाइएको छ ।

GYAN GANGA INT'L PUBLIC SSCHOOL
Estd.:2074
JNKR-12
GYAN GANGA
INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-4, MURALI CHOWK
WELCOME TO
OUR SCHOOL
A Better Future Starts Here!






OUR SERVICES
EXPERIENCED & QUALIFIED TEACHERS
SMART & DIGITAL CLASSES
COMPUTER & SCIENCE LAB
TRANSPORT & HOSTEL FACILITY
EXTRA ACTIVITIES & SPOKEN ENGLISH
CALL US
9828414721 | 9815830601
VISIT OUR WEBSITE
www.gyangangaschool.edu.np

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open ! +2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme



33 Years of Academic Excellence

**मानसिक स्वास्थ्यप्रति सचेत बनौं ।**


**मानसिक समस्याका लक्षण :**
- निराश हुनु,
- तनाब तथा चिन्ता महशुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

**मानसिक समस्या निदानको लागि :**
- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्लारुपमा व्यक्त गरौं,
- परिवार र साथीहरुसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

**आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
www.jaleshwortoday.com



## सम्पादकीय.....................

# विभेदकारी निर्णय खारेज गर

तीन तहकै सरकारी विज्ञापन सरकारी सञ्चार माध्यमलाई मात्र दिने प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको विभेदकारी निर्णय र परिपत्र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको अन्तरराष्ट्रिय मापदण्ड,नेपाल सरकारको संबैधानिक प्रबन्ध,खुल्ला अर्थ नीति र संघीयताको मर्म विपरित भएकोले यस्तो विभेदकारी निर्णय अबिलम्ब खारेज गर्न जोडदार माँग गर्दछौं । अहिले देशभरीकै नीजि सञ्चारगृह तथा सञ्चार माध्यमहरु सरकारको अपूर्ण तथा अपरिपक्व निर्णयबाट उदासिन हुनुका साथै श्रमजिवी पत्रकार तथा संचार गृह स्वयं पनि धरासायीमा पर्ने निश्चितता बढेको देखिन्छ । राईट टु च्वाईस,समावेशीता,समान व्यवहार ,प्रेस स्वतन्त्रताको अधिकार,श्रमजिवि पत्रकार सुरक्षाको अधिकार तथा नीजि लगानीको सुरक्षण जस्ता अधिकार हरु नेपालको संविधानमा अक्षरस लेखिए पनि यसलाई कुण्ठीत गर्नु संघीय लोकतान्त्रिक गणतन्त्र तथा प्रजातन्त्रको दोहन भएको आभाश पत्रकार तथा सञ्चारगृहहरुले गरेको सर्बविदितै छ । हाम्रा छिमेकी मुलुकहरुमा समेत प्रेस स्वतन्त्रता तथा सञ्चारगृह प्रतिको राज्यको दृष्टि सकारात्मक तथा प्रबर्द्धनात्मक रहेको अवस्थामा नेपाल जस्तो शान्त तथा सुन्दर देशमा यस किसिमको विभेदले अन्तरराष्ट्रिय जगतलाई समेत हल्लाई दिएको भान हामीलाई भएको छ । त्यसकारण यसलाई सम्बन्धीत मन्त्रालय तथा सरोकारबाला निकायले शिघ्र वार्ता गरी पत्रकार तथा संचारगृहले पाइरहेको सेवा,सुविधा तथा अधिकार पुन: फिर्ता गर्न हुन समेत जोडदार माँग गर्दछौं ।

# जनकपुर चुरोट कारखाना लिमिटेड पुन: सुचारुको पखाईमा

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, १० बैशाख**



करिब भन्दा ६२ वर्ष पहिला सञ्चालन भएको देशको एक मात्र चुरोट कारखाना जनकपुर चुरोट कारखाना लिमिटेड पुन: सुचारुको पखाईमा छ। राजनीतिक परिवेशको शिकार भएर दुर्भाग्यवश बन्द हुन पुगेको जनकपुर चुरोट कारखानाले एक समयमा प्रत्यक्ष रूपमा सात सय बढी कर्मचारीलाई स्थायी रोजगार दिएको थियो भने अप्रत्यक्ष रूपमा तीन हजार भन्दा बढीले रोजगारी पाएका थिए ।

२०४६ सालमा देशमा प्रजातन्त्र स्थापन भयो । त्यसको करिब दुई वर्षपछि सुरु भयो राजनीतिक नियुक्तिको दौड । सरकारका प्रतिनिधिहरूले आफ्नो निकटका व्यक्तिहरूलाई कारखानाको मुख्य पदमा नियुक्ति दिने प्रवृत्तिको सुरुवात हुन थाल्यो । एक समयमा देशभरिमा सबैभन्दा बढी आम्दानी गर्ने जनकपुर चुरोट कारखाना राजनीतिक नियुक्तिको होडबाजीका कारण घाटामा जान थाल्यो। कारखानामा काम गर्ने पूर्व कर्मचारीहरूका अनुसार धनुषाकै ख्याति प्राप्त नेताहरूको राजनीतिक स्वार्थ र आसेपासेको नियुक्तिका कारण जचुकाली बन्द नै गर्नुपर्ने अवस्थामा पुग्यो। जनकपुर चुरोट कारखानाको जनकपुरमा मात्र ३३ बिघा ६ कठ्ठा जग्गा रहेको छ भने अन्य २२ ठाउँमा पनि जग्गा रहेको छ । जनकपुरधाममा रहेको कारखाना परिसरमा चुरोट बनाउने मात्र नभएर प्रिन्टिङ प्रेस -छापा खाना), वर्क सप, पावर हाउस -बिजुली उत्पादन गर्ने प्लान्ट) रहेको छ । रसियाबाट ल्याइएको मेसिनहरू आजको दिनसम्ममा कुनै खासै क्षति भएको देखिँदैन । कारखानाका ७२ वर्षीय रिटायर कर्मचारी सेठ साहुका अनुसार प्राविधिक टोली र विज्ञहरूले प्रयास गरे चुरोट कारखाना मात्र नभई, छापा र वर्कसप पनि सुचारु गर्न मिल्ने अवस्थामा रहेको छ । उनका अनुसार बन्द हुने समयमा कुनै पनि मेसिन बिग्रिएको थिएन, सबै चालु अवस्थामा रहेको थियो । कतिपय मेसिनहरू ६ महिना पनि प्रयोग भएका थिएनन्, देश बाहिरबाट विशेष ब्रान्डका अर्डर बनाउनका निम्ति मगाइएको थियो । ती मेसिनहरू जस्ताको त्यस्तै अवस्थामा रहेका छन्। सर्भिसिङ र इलेक्ट्रोनिक पाटर्सहरु मर्मत गरे भने थोरै लगानीमा कारखाना फेरि सुचारु गर्न सक्ने उनले जानकारी दिए ।

# समुदायमा असामान्य समस्या देखिए स्वास्थ्यकर्मीलाई जानकारी दिन आग्रह

## हेल्लो स्वास्थ्यमा फोन उठेन



**नागेन्द्र कुमार कर्ण**
**महोत्तरी, १० बैशाख**

समुदायमा असामान्य स्वास्थ्य समस्या वा रोग देखिएमा तत्कालै नजिकको स्वास्थ्य संस्था तथा हेल्लो स्वास्थ्यमा सम्पर्क गर्न स्वास्थ्यकर्मीहरुले समुदायका अगुवाहरुलाई आग्रह गरेका छन् ।

जलेश्वर नगरपालिकाको आयोजना तथा युनिसेफको सहयोगमा संस्थागत क्लिनिकमा आयोजना गरिएको समुदायमा आधारित रोग निगरानी प्रणाली सम्बन्धी अभिमुखिकरण कार्यक्रममा बोल्नुहुदै स्वास्थ्यकर्मी कला चौधरीले समुदायमा देखिएका नौलो रोग तथा अन्य रोगहरुबारे जानकारी पाएमा स्वास्थ्यकर्मीहरुलाई खबर गर्न आग्रह गर्नुभयो । उहाँले कारण नखुलेको शंकास्पद सरुवा रोग, असामान्य रुपमा कुखुरा, हाँस, कुकुर, सुँगुर लगायतका जनावरहरु विरामी पर्नु र मर्नु, एउटै भोज भतेरमा सहभागीहरु एउटै समयमा विरामी पर्नु, धेरै जनामा एकै किसिमको रोग तथा लक्षण देखिए लगायतकाहरु अनपेक्षित जनस्वास्थ्यसँग सम्बन्धित घटना तथा रोगहरु रहेको चर्चा गर्नुहुदै यस्तो समस्या देखिएको हेल्लो स्वास्थ्य तथा स्वास्थ्यकर्मीहरुलाई खबर गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा युनिसेफको स्थानीय सहयोगी पिएफआडीका प्रोगाम कोर्डिनेटर तथा स्वास्थ्यकर्मी लेखनाथ यादवले शरिरको कुनै पनि भागमा बिमिराहरु सहितको ज्वरो आएको, उच्च ज्वरोसहित कम्पन, अर्धचेत वा अचेत भएका, ज्वरोसहित शरिरका विभिन्न अंगहरुबाट रगत बग्ने समस्या देखिएमा, १५ वर्ष भन्दा मुनिका बालबालिकामा शरिरको कुनै पनि भागमा एक्कासी कमजोरी वा लुलोपना भएको एउटा पनि विरामी फेला परेमा सम्पर्क गर्नुपर्नेमा जोड दिनुहुदै यसले समयमै उपचार गराउन तथा समुदायमा फैलिन नदिन सहयोग पुग्ने बताउनुभयो । समयमै रोगको पहिचान र उपचार गरि संक्रामक रोग अन्य व्यक्तिमा सर्न नदिन, महामारी हुन नदिन र नियन्त्रण गर्न तथा तत्काल मृत्यु र दीर्घकालमा हुन सक्ने अपाङ्गता रोक्न तपाईहरुको सानो कामले धेरैको ज्यान वचाउन सकिने भएकोले जानकारी प्राप्त हुनासाथ सम्पर्क गर्न आग्रह गर्नुभयो । जलेश्वर नगरपालिका वडानं. २ का वडाध्यक्ष बरुण दाहालको अध्यक्षतामा भएको कार्यक्रममा जलेश्वरको विभिन्न सामुदायिक तथा सरकारी विद्यालयका शिक्षक, शिक्षिकाहरु, स्वास्थ्यकर्मीहरु, प्रादेशिक अस्पताल जलेश्वरका कर्मचारीहरु, सुरक्षा निकायका कर्मचारीहरु, स्वंयसेविका, आमासमुहका पदाधिकारीहरुको सो कार्यक्रममा उपस्थिती रहेको थियो ।

स्वास्थ्यकर्मीहरुले गर्नुभएको आग्रह वमोजिम कार्यक्रममा नै धेरैजनाले हेल्लो स्वास्थ्यको नम्बर १११५ मा पटक पटक फोन गर्दा पनि त्यसमा फोन नउठ्दा सहभागीहरु त्यसमा प्रश्नसमेत उठाएका थिए । आयोजकले समेत सो नम्बरमा पटक पटक सम्पर्क गरेको थियो तर फोन नउठ्दा उहाँहरु त्यसबारे बुझ्ने भनेर विषयवस्तु अगाडी बढाएका थिए ।

कार्यक्रममा सहभागी पत्रकार विष्णु गुप्ताले सरकारले सार्वजनिक गरेको नम्बरमा नै फोन नउठाउनु गलत रहेको प्रतिकृया दिनुभयो ।

## तपाईको टुडे

मेष: अनावश्यक खर्चको संभावना
वृष: विचार गरेर बोल्नुहोला
मिथून: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्ने
सिंह: मनमा पछुतो आउने
कन्या: अनावश्यक चिन्ता
तुला: खानपानमा समस्या आउने
वृश्चिक: आम्दानी हुने
धनु: मित्रतामा फाटो आउने
मकर: पढाईमा ध्यान दिनुपर्ने
कूम्भ: अशुभ समाचार प्राप्त हुने
मीन: शुभ कार्यको शुरुवात

## मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# कूटनीति राष्ट्रिय हितका लागि मात्र, वार्तामा सहभागी हुने निर्णय अझै अनिश्चित: इरान

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईले कूटनीतिलाई राष्ट्रिय हित रक्षाको उपकरण भएको उल्लेख गर्दै इरानको हितसँग मेल खाएको अवस्थामा मात्र यसको अनुसरण गरिने स्पष्ट पारे । बुधबार आयोजित कार्यक्रममा बोल्दै उनले मध्यस्थताका लागि पाकिस्तानलाई धन्यवाद दिए तर इरानले गरेका पछिल्ला सैन्य गतिविधिहरू अमेरिका र इजरायली आक्रमणको सामना गर्न आत्मरक्षाका लागि चालिएको कदम भएको दाबी गरे ।

बघाईले इरानले आफ्नो राष्ट्रिय हित र सुरक्षाका लागि आवश्यक कदम चाल्दै युद्धक्षेत्र र राजनीतिक घटनाक्रमलाई सूक्ष्म रूपमा नियालिरहेको बताए। इरानले आफ्नो वैधानिक अधिकारको रक्षा गर्ने, आक्रमणका लागि कानुनी जवाफदेही बनाउने र युद्धमा भएको क्षतिको क्षतिपूर्तिको माग गर्ने अडान प्रवक्ताले दोहोर्‍याएका छन्। फार्स समाचार एजेन्सीका अनुसार प्रवक्ता बघाईले इरानी व्यापारिक जहाजहरूमाथि भएको आक्रमण र तिनलाई जफत गर्ने कार्यले कूटनीतिमा संलग्न सभ्य राष्ट्रको व्यवहारलाई नझल्काउने टिप्पणी गरे। यस्ता गतिविधिले वार्ताको वातावरणमा नकारात्मक प्रभाव पार्ने उनको संकेत थियो ।

पाकिस्तानले तेहरान र वासिङ्टनबीच अप्रत्यक्ष वार्ताका लागि मध्यस्थता गरिरहेको छ, जसको पहिलो चरण अप्रिल ११-१२ मा इस्लामाबादमा सम्पन्न भएको थियो। यद्यपि, बघाईले दोस्रो चरणको वार्तामा भाग लिने बारे अझै आधिकारिक घोषणा नभएको र इस्लामावाद जाने निर्णय राष्ट्रिय हितको आधारमा मात्र लिइने बताए। यसैबीच, इरानको तस्निम न्युज एजेन्सीले भने अमेरिकासँगको दोस्रो चरणको वार्तामा सहभागी हुने तेहरानको निर्णय 'निश्चित' भइसकेको जनाएको छ । पछिल्लो समय ४० दिनको लडाइँपछि अप्रिल ८ बाट युद्धविराम लागू भएको छ भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यसको अवधि थप गर्ने बताएका छन्।

# 'डन ३' विवाद: फरहान अख्तरलाई १० करोड फिर्ता गर्दैछन् रणवीर सिंह

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



हालै बलिउड अभिनेता रणवीर सिंहले फिल्म 'डन ३'बाट हात झिके। त्यसबेलादेखि, फरहान अख्तरको निर्देशनमा बन्न लागेको यो फिल्म चर्चामा छ।

हालै, ऋतिक रोशनले फिल्ममा मुख्य भूमिका खेल्ने रिपोर्टहरू बाहिर आएका थिए । तर, केही दिनपछि अभिनेता आफैंले यी रिपोर्टलाई अस्वीकार गरे । आफू फिल्मको हिस्सा नरहेको ऋतिकको भनाइ थियो। अब भने फिल्मबारे अर्को प्रमुख अपडेट आएको छ। 'डन ३'लाई लिएर रणवीर सिंह र फरहान अख्तरबिच चलिरहेको विवादले अब नयाँ मोड लिएको छ।

फ्री प्रेस जर्नलमा रिपोर्टअनुसार रणवीर सिंहले परिस्थितिलाई शान्त पार्न एउटा ठूलो कदम चालेका छन्। फिल्ममा साइन गरेबापत प्राप्त गरेको लगभग १० करोड रुपैयाँ फिर्ता गर्न उनी सहमत भएका छन्। यति मात्र होइन, रणवीरले फरहान अख्तरको कम्पनी एक्सेल इन्टरटेनमेन्टलाई आफ्नो अर्को फिल्ममा हिस्सेदारी दिने बाचा गरेको खबर पनि छ।

फिल्मको नाम हाल 'प्रलय' राखिएको छ । यद्यपि कम्पनीले कति हिस्सा पाउनेछ भन्ने कुरा अझै बाहिरिएको छैन। यस विषयमा रणवीर सिंह, फरहान अख्तर वा उनीहरूको कम्पनीले पनि कुनै आधिकारिक बयान जारी गरेको छैन । फरहानले सन् २०२३ मा 'डन ३' घोषणा गरेका थिए, यसमा रणवीर सिंह र कियारा आडवाणी मुख्य भूमिकामा रहेको भनिएको थियो । तर यतिबेला यी दुवै कलाकार आधिकारिक रूपमा फिल्ममा सामेल छैनन्। फरहान लामो समयदेखि फिल्मको कास्टिङमा काम गरिरहेका छन्, तर उनले उपर्युक्त कलाकार भने पाएका छैनन्।

# शिक्षा समन्वय प्रमुख पोखरेलको योगदानको कदर, बिदाइ कार्यक्रम सम्पन्न

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम,१० बैशाख**




शिक्षा विकास तथा समन्वय इकाई धनुषाका प्रमुख चेतकुमार पोखरेलको बिदाइ तथा सम्मान कार्यक्रम आज एक विशेष समारोह बीच सम्पन्न भएको छ। सरुवा भई ललितपुर जान लागेका पोखरेलालाई श्री जनता नमूना माध्यमिक विद्यालय, गिद्धा-बेलापट्टीले सम्मान सहित बिदाइ गरेको हो।

विद्यालयका प्रधानाध्यापक पवन मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रममा शिक्षक, शिक्षाप्रेमी, पत्रकार तथा स्थानीय बुद्धिजीवीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो। कार्यक्रममा विशिष्ट अतिथिका रूपमा उतिमलाल मण्डल, विमलदेव विराजी र मुकेश कुमार चौधरी सहभागी थिए।

कार्यक्रममा वक्ताहरूले पोखरेलले धनुषाको शिक्षा क्षेत्रमा पुर्‍याएको योगदानको प्रशंसा गर्दै विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि तथा भौतिक पूर्वाधार विकासमा उनको भूमिका उल्लेखनीय रहेको बताए। उनीहरूले पोखरेलको कार्यशैलीलाई समन्वयकारी र परिणाममुखी रहेको भन्दै सराहना गरे।

आफ्नो मन्तव्यमा पोखरेलले जनकपुर धाममा बिताएको कार्यकाललाई स्मरणीय अनुभवका रूपमा चित्रण गर्दै ३० वर्षको सरकारी सेवामा जनकपुर धामको कार्यकाल विशेष रूपमा सफल र सन्तोषजनक रहेको बताए। उनले धनुषावासीबाट प्राप्त सहयोग, सद्भाव र सम्मानप्रति आभार व्यक्त गरे।

समारोहमा विद्यालयका तर्फबाट उनलाई मायाको चिनो तथा कोशेली प्रदान गरिएको थियो। सहभागीहरूले पोखरेलको आगामी कार्यकाल सफल रहोस् भन्दै शुभकामना व्यक्त गरेका थिए।

# दशौं पीएम कप एनभीए भलिबल लिग आजदेखि, चार टोलीमा छन् विदेशी खेलाडी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



नेपाल भलिबल संघ (एनभीए)को आयोजनामा दशौं पीएम कप एनभीए महिला तथा पुरुष भलिबल लिग आजदेखि सुरु हुँदैछ । त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा दश दिन सञ्चालन हुने लिगमा पुरुषतर्फ ८ र महिलातर्फ ६ टोलीले प्रतिस्पर्धा गर्नेछन्। प्रत्यक्ष प्रसारण हिमालय टिभीबाट हुँदैछ।

पुरुषतर्फ हेल्प नेपाल स्पोर्ट्स क्लब, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, खिल्जी युवा क्लब (लुम्बिनी), रुकुम पश्चिम भलिबल क्लब, कोशी प्रदेश भलिबल क्लब र बुढानिलकण्ठ भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन् भने महिलातर्फ न्यू डायमण्ड युथ स्पोर्ट्स क्लब, नेपाल पुलिस क्लब, नेपाल एपीएफ क्लब, त्रिभुवन आर्मी क्लब, एभरेष्ट क्लब र सुदूरपश्चिम प्रदेशले प्रतिस्पर्धा गर्नेछन्। नवौं एनभीए महिला तथा पुरुष राष्ट्रिय भलिबल च्याम्पियनसिपबाट छनोट भएका शीर्ष टोलीहरुले दशौं एनभीए लिग खेल्न लागेका हुन्। नवौं एनभीएल महिला तथा पुरुष भलिबल च्याम्पियनसिपको उपाधि पुरुषतर्फ हेल्प नेपाल र महिलातर्फ न्यु डायमण्डले जितेको थियो। लिगका खेलहरु सिंगल राउण्ड रोबिनका आधारमा खेलाइनेछ । एनभीए लिगमा महिला र पुरुषतर्फ गरी कूल ४५ खेल हुनेछ। जसमा लिग चरणमा पुरुषतर्फ २८ र महिलातर्फ १५ खेल हुनेछन् । दुवैतर्फ लिग चरणपछि शीर्ष दुईमा रहने टोलीले उपाधिका लागि फाइनलमा प्रतिस्पर्धा गर्नेछन्।

# शहीदनगरमा नवनिर्मित प्रशासनिक भवन उद्घाटन

**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम,१० बैशाख**





धनुषा जिल्लाको शहीदनगर नगर पालिकामा नवनिर्मित प्रशासनिक भवनको उद्घाटन गरिएको छ। आज बिहीवार एक विशेष समारोह बीच सम्पन्न उक्त कार्यक्रम संघीय संसद तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मधेस प्रदेशका सभापति तपेश्वर यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको हो।

उद्घाटनअघि बुधबार धार्मिक विधिअनुसार कलश यात्रा तथा गृह प्रवेश कार्यक्रम आयोजना गरिएको थियो। स्थानीय परम्पराअनुसार पूजापाठसहित भवनलाई औपचारिक रूपमा सञ्चालनका लागि शुभारम्भ गरिएको थियो। कार्यक्रममा स्थानीय जनप्रतिनिधि, भक्तजन तथा सरोकारवालाहरूको उल्लेखनीय सहभागिता रहेको थियो। उद्घाटन समारोहमा मधेस प्रदेश सभाका सभामुख रामआशिष यादव विशिष्ट अतिथिका रूपमा उपस्थित रहँदै संघीयताको संरक्षण र सुदृढीकरण अहिलेको प्रमुख आवश्यकता भएको धारणा व्यक्त गरे। उनले संघीय संरचनालाई मजबुत बनाउन सबै तहका सरकार जिम्मेवार, पारदर्शी र जनउत्तरदायी हुनुपर्नेमा जोड दिए।

त्यसैगरी कार्यक्रममा पूर्व सांसद उमाशंकर अरगरिया, पूर्व मन्त्री रामकृष्ण यादवलगायतका गणमान्य व्यक्तिहरूको उपस्थिति रहेको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै सभापति तपेश्वर यादवले पालिकामा कुनै पनि दरबन्दी खाली भए पहल गरी शीघ्र पूर्ति गरिने प्रतिबद्धता व्यक्त गरे।

# सीमामा सास्ती र राज्यको उदासिनताप्रति महन्थ ठाकुरको आक्रोश, विद्रोहमा जाने चेतावनी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १० बैशाख**



लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का अध्यक्ष महन्थ ठाकुरले मधेस र नेपाल-भारत सीमा क्षेत्रमा व्याप्त अशान्ति एवं सर्वसाधारणमाथि भइरहेको दुर्व्यवहारप्रति चिन्ता व्यक्त गरे।

सीमा नाकामा जनताले भोग्नुपरेको सास्ती र राज्यको बेवास्ताका कारण आफूहरू 'विद्रोहको नजिक' पुगेको चेतावनी उनले दिए। अध्यक्ष ठाकुरले सीमा क्षेत्रका भन्सार र सुरक्षाकर्मीले 'तजबिजी अधिकार' को दुरुपयोग गरी सर्वसाधारणलाई दुःख दिने गरेको बताए। कानून स्पष्ट नहुँदा हाकिमहरूको तजबिजी चल्ने र त्यसले भ्रष्टाचार एवं सास्ती बढाएको उनको आरोप छ ।

विगतमा काम र खाद्यान्नका लागि मानिसहरू नेपाल आउने गरेको स्मरण गर्दै ठाकुरले अहिले स्थिति उल्टो भएको बताए। सीमा सुरक्षाका नाममा महिलाहरू सबैभन्दा बढी प्रताडित भइरहेको भन्दै उनले आक्रोश व्यक्त गरे। उनले भने, "सय रुपैयाँभन्दा बढीको सामान ल्याउँदा पनि ट्याक्सको दायरा भन्दै घण्टौं कुराउने, अनुहार हेरेर व्यवहार गर्ने र मानिसहरूलाई अपमानित गर्ने काम भइरहेको छ।

खाद्यान्न र नुन-तेलका लागि भारतीय बजारको बाध्यता छ। अहिले गरिब जनता आधा किलो चामल, पीठो, नुन र कुकिङ्ग तेलका लागि सीमा पारि जान बाध्य छन्। त्यही एक-दुई किलो सामान ल्याउँदा पनि सीमामा लुटिने र खोसिने डर छ।

# क्रान्तिको चिहानमा उभिएका नेपाली कम्युनिस्टहरू

-नेपाली कम्युनिस्ट आन्दोलनले २००६ सालदेखि सामाजिक रूपान्तरणमा भूमिका खेलेको छ र पुष्पलाल श्रेष्ठले यसको बीउ रोपेका थिए । वर्तमानमा कम्युनिस्ट नेताहरूमा अहङ्कार र सत्ता-लिप्सा बढ्दा आन्दोलन वैचारिक र सङ्गठनात्मक रूपमा कमजोर भएको छ । घनश्याम भूसालले वामपन्थीहरूको गिरावट र नेतृत्वको चाउचेस्कु-पथ झुकावले पार्टीमा वैचारिक खडेरी आएको बताएका छन् । नेपालको राजनीतिक इतिहासमा 'क्रान्ति' केवल एउटा शब्द होइन, एउटा जीवित अनुभव हो- त्याग, बलिदान र परिवर्तनको आकांक्षाले बनेको इतिहासको । यही इतिहासको केन्द्रमा उभिएका थिए नेपाली कम्युनिस्टहरू ।

२००६ सालमा पुष्पलाल श्रेष्ठले रोपेको विचारको बीउ समयसँगै आन्दोलनमा परिणत भएको थियो । राणा शासनको अन्त्यदेखि गणतन्त्रको स्थापनासम्म आइपुग्दा कम्युनिस्टहरूले आफ्नो भूमिकालाई केवल राजनीतिक शक्तिका रूपमा होइन, परिवर्तनका वाहकका रूपमा स्थापित गरेका थिए । तर आज, इतिहासको यही बिन्दुमा उभिएर हेर्दा एउटा असहज प्रश्न उब्जिन्छ- के ती कम्युनिस्टहरू अझै पनि क्रान्तिका प्रतिनिधि हुन्, कि क्रान्तिको चिहानमा उभिएका अल्पसंख्यक दर्शक मात्र ? आजकाल कम्युनिस्ट नेता घनश्याम भूसालका निराशावादी सन्देशहरू सुनिरहन पाइन्छ । भूसालले एउटा भिडियो सन्देशमा भनेका छन्, 'हामी अहिले अयोग्यहरूको शासनबाट गुज्रिरहेका छौँ ।' यो एउटा नेताको आक्रोशमात्र होइन, बरु वैचारिक स्खलन र सत्ता-लिप्साको दलदलमा फसेको वामपन्थी नेतृत्वप्रति गरिएको एउटा निर्मम प्रहार हो । हिजो जसले दलाल पूँजीवाद विरुद्ध जेहाद छेड्ने कसम खाएका थिए, तिनै नेताहरू बिहानीको घामसँगै दलालहरूसँगको सेटिङमा व्यस्त बने । भूसालले औँल्याएझैँ, कम्युनिस्ट पार्टीका नेताहरू वर्गीय आधारबाट पूर्णतः विमुख भएर केवल कर्पोरेट एजेन्ट बने । जब राजनीतिमा सिद्धान्तको सट्टा सिन्डिकेट चल्न थाल्छ र विचारको सट्टा बार्गेनिङले स्थान पाउँछ, तब आन्दोलनले आफ्नो मौलिकता मात्र गुमाउँदैन, बरु आफ्नै समर्थकहरूका लागि एउटा बोझ बन्न पुग्छ। वामपन्थी/कम्युनिस्ट दलहरूको वर्तमान सङ्कटलाई बुझ्न विचार र व्यवहारबीचको दूरीलाई गहिराइमा हेर्नुपर्छ । एकातिर समानता, न्याय र सामाजिक रूपान्तरणका आदर्शहरू प्रस्तुत गरिन्छन्, अर्कोतिर व्यवहारमा सत्ताकेन्द्रित राजनीति, सुविधाभोगी जीवनशैली र सङ्गठनभित्रको आन्तरिक द्वन्द्व देखिन्छ । यही विरोधाभासले जनविश्वासमा व्यापक क्षय ल्याएको छ । जब विचार केवल भाषणमा सीमित हुन्छ र व्यवहारमा त्यसको प्रतिबिम्ब देखिँदैन, तब कुनै पनि राजनीतिक शक्ति कमजोर हुनु अनिवार्य हुन्छ । नयाँ पुस्ताको मनोविज्ञानलाई बुझ्न असफल हुनु पनि वामपन्थी दलहरूको ठूलो कमजोरी बनेको छ। आजको युवा वर्ग परम्परागत राजनीतिक भाष्यभन्दा बाहिर सोच्न थालेको छ । उनीहरू पारदर्शिता, जवाफदेहिता र प्रत्यक्ष परिणाम चाहन्छन् । जब पुराना दलहरूले यी अपेक्षाहरू पूरा गर्न सक्दैनन्, तब उनीहरू वैकल्पिक शक्तितर्फ आकर्षित हुन्छन् । यद्यपि, नयाँ अनुहारहरूले पनि पूर्ण समाधान प्रस्तुत गर्न सकेका छैनन्, किनकि उनीहरूको राजनीति अझै पनि विद्यमान आर्थिक-सामाजिक संरचनाको सीमाभित्रै सीमित देखिन्छ ।




आजको अवस्था वामपन्थी आन्दोलनको पूर्ण अन्त्यको अन्तिम चरण जस्तै देखिन्छ । यदि यस अवस्थालाई आत्मसमीक्षाको अवसरका रूपमा उपयोग गर्न सके भने पुनर्निर्माण सम्भव नै छैन भन्न त नसकिएला तर विश्व कम्युनिस्ट आन्दोलनका पाठहरूले अब नेपालमा 'कम्युनिस्ट एरा' सकिन लागेको पूर्वानुमान गर्न गाह्रो छैन। नेपाली कम्युनिस्ट आन्दोलनको यो विद्रुप रूप कुनै बाह्य शक्तिको षड्यन्त्र होइन, बरु ओली र प्रचण्डजस्ता पात्रहरूको अहङ्कार र सत्ता-लिप्साको परिणाम हो । जब नेतृत्वले वर्गभन्दा परिवार, विचारभन्दा स्वार्थ र जनताभन्दा शक्तिलाई केन्द्रमा राख्छ, तब लाल झण्डा केवल एउटा कपडाको टुक्रामा सीमित हुन्छ । राजनीति केवल सत्ता प्राप्तिको माध्यम होइन, विश्वास निर्माणको प्रक्रिया हो । जबसम्म त्यो विश्वास पुनः स्थापित हुँदैन, कुनै पनि विचारधारा दीर्घकालीन रूपमा टिक्न सक्दैन । यद्यपि विश्वास पुनः निर्माण गर्न सकियो भने, इतिहासले फेरि नयाँ मोड लिन सक्छ र सायद, वामपन्थी आन्दोलनले पनि । नेपालको आधुनिक राजनीतिक यात्रामा कम्युनिस्ट आन्दोलन एउटा शक्तिशाली धारा मात्र होइन, सामाजिक रूपान्तरणको प्रमुख संवाहक पनि रह्यो । सन् १९४९ (२००६ साल) मा पुष्पलाल श्रेष्ठले सुरु गरेको यो आन्दोलन सुरुदेखि नै विचार, सङ्घर्ष र जनआकांक्षासँग गाँसिएको थियो । प्रारम्भिक चरणमा यो शक्ति राज्यसत्ताबाट टाढा, तर जनभावनासँग नजिक थियो । राणा शासनको अन्त्य र त्यसपछिका राजनीतिक उतारचढावमा कम्युनिस्टहरू प्रत्यक्ष सत्तामा नभए पनि परिवर्तनको बौद्धिक र सङ्गठनात्मक आधार निर्माणमा सक्रिय रहे । २०१७ सालमा राजा महेन्द्रद्वारा बहुदलीय व्यवस्था विघटन गरी पञ्चायती शासन लागु गरेपछि कम्युनिस्ट आन्दोलन फेरि भूमिगत भयो । यही समयदेखि विभाजन र विचलनको शृङ्खला सुरु भयो कम्युनिस्टहरूमा । जसले आन्दोलनलाई वैचारिक रूपमा विविध बनायो तर सङ्गठनात्मक रूपमा कमजोर पनि पार्‍यो । सोभियत र चिनियाँ प्रभावबीचको द्वन्द्व, सशस्त्र र संसदीय मार्गबीचको विवाद, र नेतृत्वकेन्द्रित गुटबन्दीले कम्युनिस्ट आन्दोलनलाई एकीकृत शक्ति बन्न दिएन । यद्यपि, जनस्तरमा यसको प्रभाव निरन्तर रह्यो । २०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुनःस्थापित हुँदा कम्युनिस्टहरू खुला राजनीतिमा आए। २०४८ सालको निर्वाचनमा नेकपा एमालेले ६९ सिट जित्दै प्रमुख शक्ति बन्यो र २०५१ मा ८८ सिटसहित सरकार गठन गर्‍यो । यो नेपाली कम्युनिस्टहरूको लागि ऐतिहासिक क्षण थियो- क्रान्तिकारी आन्दोलन संसदीय अभ्यासमा रूपान्तरित भयो । तर यही रूपान्तरणसँगै एउटा सूक्ष्म विचलन पनि सुरु भयो, जहाँ सिद्धान्त क्रमशः व्यवहारसँग सम्झौता गर्न थाल्यो । २०५२ सालमा पुष्पकमल दाहालको नेतृत्वमा सुरु भएको सशस्त्र युद्धले वाम आन्दोलनलाई पुनः क्रान्तिकारी धारमा फर्काउने प्रयास गर्‍यो । एक दशक लामो द्वन्द्वले राज्य संरचना नै परिवर्तन गर्‍यो र अन्ततः २०६२/०६३ को आन्दोलनमार्फत राजतन्त्रको अन्त्य र गणतन्त्र स्थापना सम्भव भयो । २०६४ सालको संविधानसभा निर्वाचनमा माओवादी शक्तिको उदयले कम्युनिस्ट आन्दोलनको चरम राजनीतिक प्रभाव देखायो ।


२०६२/०६३ सालको आन्दोलनपछि कम्युनिस्ट आन्दोलनका दुई धार पुनः एक बिन्दुमा आए । गणतन्त्र स्थापनासँगै माओवादी २०६४ सालको संविधानसभा निर्वाचनमा ६०१ सिटमध्ये २२० सिट जित्दै पहिलो शक्ति बन्यो । यसपछि २०६५-२०७९ बीच नेपालमा १४ वटा सरकार बने, जसको औसत आयु करिब १.५ वर्षभन्दा कम रह्यो । कम्युनिस्ट दलहरू प्रायः सबै सरकारमा प्रत्यक्ष रूपमा सहभागी भए । २०७४ सालको निर्वाचन कम्युनिस्टहरूको चरम उत्कर्षको उदाहरण हो। एमाले र माओवादीबीचको गठबन्धनले प्रतिनिधिसभामा २७५ मध्ये करिब दुईतिहाइ (१७०+ सिट) जित्यो । त्यसपछि नेपाल कम्युनिस्ट पार्टी गठन भयो, जसलाई धेरैले कम्युनिस्ट स्वर्णयुगको सुरुवात माने । तर यो एकता टिकेन ।

२०७७-२०७८ बीचको आन्तरिक सङ्घर्ष, नेतृत्व विवाद र वैचारिक अस्पष्टताले पार्टी विभाजनमा पुग्यो । घनश्याम भूसालको तथ्याङ्कलाई मान्ने हो भने देशमा वामपन्थीहरूको गिर्दो आँकडा डरलाग्दो छ । भूसाल यो तथ्याङ्कले आफूलगायत धेरै नेता डिप्रेसनमा गएको बताउँछन् । पछिल्ला ८ वर्षको वामपन्थीको गिरावट हेर्ने हो भने डिप्रेसनयुक्त नै छ ।

**सांभार : अनलाइन खबर ।**


## कम्पनी खारेजीको सूचना

कम्पनीको नाम : मिथिला डिजल पम्प सर्भिस प्रा.लि.
कम्पनीको दर्ता नं. : २६२९२६
कम्पनीको दर्ता मिति : २०७८।०१।१०
कम्पनीको विशेष साधार सभाको निर्णय मिति : २०८३।०१।१०
लिक्विडेटरको नाम : अर्जुन कोईराला
लिक्विडेटरको इजाजत न. : १७१
लिक्विडेटरको सम्पर्क नं. : ९८४११४१६१७
लिक्विडेटरको ठेगाना : त्रिपुरेश्वर, काठमाण्डौं ।



**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : जय दुर्गा अफसेट प्रेस, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday